जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ अंक १६३ २०७६ साल माघ १३ गते सोमबार (27 Jan. 2020 Monday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**


- मौखिक वा विद्युतिय माध्यमबाट कसूरको सूचना दिन सकिने,
- पक्राउ गर्नु अघि मुद्दा हेर्ने अधिकारीबाट पक्राउ पूर्जी जारि गर्नु पर्ने,
- सरकार वादी हुने फौजदारी कसूर सम्बन्धमा मुद्दा नचलाउने निर्णय गरिएमा जाहेरवाला वा पीडितलाई सूचना दिनु पर्ने,
- अभियुक्तले कसूर स्वीकार नगरेको अवस्थामा मुद्दामा ठहर गर्नु कुरा यकिन गर्न अदालतले वादी प्रतिवादीबीच छलफल गगराउन सक्ने,
- अदालतको अधिकारक्षेत्र र हदम्याद सम्बन्धी विषयमा पहिले निर्णय गर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

Log on : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : कोरोना भाइरसको त्रास ... ३ पृष्ठमा : बरही पुर्ण सरसफाई ... ३ पृष्ठमा : कोरोना भाइरसाक्कारण ...

# नक्कली भिसा बनाई बिदेश पठाइदिने भन्दै लाखौंको ठगि गर्ने बाबु छोराबिरुद्ध उजुरी




सप्तरीको डाक्नेश्वरी नगरपालिका २ औरही विषणपुर बस्ने मो. बसीर मियाँ र उनका छोरा सहजाद आलमले बनाएर दिएको नक्कली भिसा ।

*तस्बिर : राजविराज दैनिक*



**चन्दन कुमार यादव**
**राजविराज, १२ माघ ।**

बैदेशिक रोजगारीका लागि विदेश पठाइदिने भन्दै नक्कली भिसा बनाएर लाखौं ठगी गरेको आरोपमा पीडितहरुले आइतवार जिल्ला प्रशासन कार्यालय सप्तरीमा उजुरी दिएका छन् ।

कुवैतस्थित एक कम्पनीमा रोजगारीका लागि पठाइदिने भन्दै नक्कली भिसा बनाई एक दर्जन बढी व्यक्तिबाट लाखौ रुपैयाँ ठगी गरेको आरोपसहित सप्तरीको डाक्नेश्वरी नगरपालिका २ औरही विषणपुर बस्ने मो. बसीर मियाँ र उनका छोरा सहजाद आलम विरुद्ध पीडितहरुले अप्रवासी श्रोत केन्द्र राजविराजको सहयोगमा जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएका हुन् ।

उजुरी दिनेहरुमा सिरहाको लहान नगरपालिका १८ का मो. इरफान, मो. मुस्तुफा, मो. आलम, मो. अलाउद्दिन र अमिन मियाँ छन् ।

ती बाबु छोराले कुवैतस्थित एक कम्पनीमा आकर्षक तलबमा जागिरका लागि पठाइदिने भन्दै प्रति व्यक्तिबाट १ लाख ३५ हजारका दरले लिएर नक्कली भिसा उपलब्ध गराएका थिए ।

यता सोही भिसा लिएर कुवैतका लागि उड्न भन्दै काठमाडौं

*बाँकी दुई पृष्ठमा*

# अबैध चाँदीका गरगहनासहित दुई पक्राउ



**दैनिक समाचारदाता**
**सिरहा, १२ माघ**

सिरहको लहान प्रहरीले अवैध चाँदीका गरगहनासहित दुई व्यक्तिलाई पक्राउ गरेको छ ।

सिरहाको लहान नगरपालिका ८ दुर्गा मन्दिरस्थित खटिएको प्रहरी टोलीले चेकजाँच गर्दा मोरङ पथरी शनिश्चरे नगरपालिका १४ बस्ने ३० बषिय सुमन बिश्वकर्मा र झापाको शिवसतासी नगरपालिका ८ बस्ने ३८ वर्षिय दल बहादुर बिश्वकर्मालाई पक्राउ गरेको हो ।

उनीहरुको साथबाट चाँदीको ठुलो ब्रास्लेट २७ थान, सानो ब्रासलेट १८ थान, चाँदीको औंठी १ सय ९६ पिस, चाँदीको बाला ५८ पिस, चाँदीको लेडिज ब्रासलेट २५ पिस र चाँदीको ड्राईगेन ४० पिस गरि तिन लाख साठी हजारबराबरको चाँदीका गरगहनाहरु फेला परेको सिरहा

*बाँकी अन्तिम पृष्ठमा*

सुनौलो अवसर! सुनौलो अवसर!! सुनौलो अवसर!!!

## युनिक सिटी क्लिनिक

यहि माघ ११ गते देखि १३ गते सम्म बरिष्ट तथा दक्ष चिकित्सकहरुद्वारा निः शुल्क स्वास्थ्य शिविर हुन गइरहेको हुँदा आफ्नो बहुमुल्य स्वास्थ्यलाई ध्यानमा राखी निःशुल्क स्वास्थ्य सेवाको फाइदा उठाउनु हुन, यस ३ दिने शिविरमा सहभागी भई आफ्नो तथा परिवारको स्वास्थ्य परीक्षण गराउन बिनम्र अनुरोध गर्दछौं ।

**हाम्रो सेवाहरू यस प्रकार छन् :**

- निःशुल्क OPD (ओ.पी.डी.) सेवा ।
- सबै किसिमको स्त्री रोग एवम् बंशानुगत रोग तथा बाझोपनको उपचारका साथै उचित सल्लाह सुझाव ।
- विभिन्न किसिमका शल्यक्रियाहरु विशेष छुटका साथ गरिने । जस्तै ब्उउभलमक्ष, पित्तथैलीको पथरी, शरिरका बिभिन्न भागमा मासु बढेको, हर्निया, बाबासिर, स्तन क्यान्सर, पाठेघरको खराबी तथा क्यान्सर इत्यादि ।
- हाडजोर्नी तथा नसारोगको सम्पूर्ण उपचारका साथै शल्यक्रिया विशेष छुटमा गरिनेछ ।
- सम्पूर्ण जाँचहरुमा ५०% छुट
- भिडियो X-ray मा ५०% छुट
- CT Scan मा ५०% छुट

**नोट** : माघ महिना भरी सम्पूर्ण जाँचहरु (भिडियो X-ray तथा CT Scan समेत) मा ५०% छुट दिने छ ।

**Whole Body Check up**


| | | |
|---|---|---|
| -RBS | -CBC | RFT |
| -TFt | -LFT | -USG |
| -ECG | | |

(Total Rs.6,000,50% Rs.3,000)

**आयोजक :**
सम्पूर्ण युनिक सिटी क्लिनिक
७ युनिक कलेज अफ मेडिकल साइन्स & हस्पिटल परिवार

**स्थान :**
युनिक सिटी क्लिनिक, राजविराज (गणेश मन्दिर नजिकै)
फोन नं. : ०३१-५२०७७६, ९८१३७२०५०८
समय : विहान १० बजे देखि ४ बजे सम्म

## बुध्द एयरको दैनिक उडान अब राजविराजबाट पनि यही माघ १८, फेब्रअरी १ देखि




बुध्द एयरको वेवसाईट buddhaair.com तथा मोबाईल एपबाट उडानको समय, तालिका, भाडादर हेर्न र सजिलैसँग टिकट खरिद गर्न सकिन्छ ।

थप जानकारीका लागि
गजेन्द्र नारायण सिंह अस्पतालको दक्षिण गेट अगाडी, राजविराज
फोन नं. : 031-522408/09

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय ....

# परम्परागत पेशाको सम्वर्द्धन र संरक्षण आवश्यक

माटाका मूर्ती बनाउने मूतीकाहरुको पेशा संकटमा पर्दै गइरहेको छ। विभिन्न पूजाको बेला माटाका आकर्षक मूर्ती बनाएर आफ्नो गुजारा हुने पेशा नै संकटमा परिरहेकोप्रति उनीहरु चिन्तित देखिन्छन्। दुर्गा पूजा, लक्ष्मी पूर्जा, सरस्वती पूजा लगायतका माटाका मूर्ती बनाएर उनीहरुलाई आफ्नो पेशालाई जोगाइ राख्न धौ धौं भएको छ। तर, पनि माटाका मूर्तीकारहरु बनाउन दिनरात उनीहरु लागिपरेका छन्।

मूर्ती बनाउन लाग्ने विभिन्न सामाग्रिहरु महँगिएपछि उनीहरुले बनाइएको मूर्तीको मुल्य बढाउन बाध्य छन्। तरमुल्य बढी भएको भन्दै खरीदारहरु त्यसलाई किन्न संकोच गर्छन्। मूर्ती बनाउन प्रयोग गर्ने काचो माटो, रंगरोगन, साजसज्जा गर्ने समाग्रि लगायतमा मूल्य बढेका कारण बनाइएको माटाका मूर्तीहरुको मुल्य समेत बढेको मूर्तीकारहरु बताउछन्। अहिले बजारमा पाइने रेडिमेड मुर्ती र संगमरमरको मूर्तीका कारण पनि माटाका मूर्तीहरु बिस्थापित हुन गइरहेको छ।

यता विभिन्न परम्परागत पेशाहरुलाई सम्वर्द्धन र संरक्षण गर्न सरकारको तर्फबाट कूनै पहल भएको देखिन्न्। पराम्परागत पेश नै संकटमा परेपछि आफ्नो पेशा छोडेर अर्को पेशा अपनाउन बाध्य हुन थालेका छन्। तसर्थ यस पेशामा लागेका मूर्तीकारहरुको पेशा संकटमा पर्न नदिई संरक्षण र सम्वर्द्धनका लागि राज्य पक्षबाट विशेष पहल र प्रोत्साहन दिनु जरुरी रहेको छ।

# कोरोना भाइरसको त्रास चीनबाहिर पनि फैलिने त्रास

काठमाडौं, १२ माघ (रासस)।

यतिखेर चीन कोरोना भाइरसको सङ्क्रमण थप बढ्न जाला कि भन्ने त्रासमा देखिन्छ। शनिबारसम्म प्राप्त भएको समाचारअनुसार यो सङ्क्रमणको प्रकोप चीनका कम्तीमा १८ शहरमा निकै गम्भीररुपमा देखापरिरहेको छ। ती शहरमा यात्रा प्रतिबन्ध र अन्य धेरै किसीमका सतर्कता चिनियाँ सरकारले अपनाएको बताएको छ। यद्यपी चिनियाँ सरकारले देशभरीको उडान, रेल र बससेवामा भाइरस पत्ता लगाउन राष्ट्रव्यापी उपाय अपनाउन आदेश दिएको छ।

सो भाइरसका कारण ज्यान गुमाउने र सङ्क्रमितको सङ्ख्या बढ्दै गएपछि शनिबार चीन सरकारले सो आदेश दिएको छ। यस सङ्क्रमणबाट ४१ जनाको ज्यान गएको पुष्टि भएको छ। यस भाइरसबाट शनिबारसम्म सङ्क्रमितको सङ्ख्या एक हजार २८७ पुगेको छ। त्यसैगरी चीनका केही प्रान्तहरुमा नै फैलिन पुगेको यस भाइरसको सङ्क्रमणको कारण यात्रा प्रतिबन्धलगायत अन्य धेरै किसीमका सतर्कताबाट करिब पाँच करोड ६० लाख नागरिक प्रभावित भएका छन्।

अमेरिकाको सियाटलसमेतमा एक जना व्यक्तिमा कोरोना भाइरसको सङ्क्रमण भएको अमेरिकी अधिकारीले जनाएपछि यसको फैलावटको त्रास अझै बढिरहेको छ। चीनको हुबेइबाट केही दिनअघि अमेरिका फर्किएका एकजना अमेरिकी नागरिकमा यसको सङ्क्रमण भेटिएको पुष्टि भएको छ। उता जापानको राजधानी टोकियोमा पनि एक जना व्यक्तिमा कोरोना भाइरसको सङ्क्रमण देखिएको अधिकारीले जनाएका छन्। यसरी यो सङ्क्रमणले दक्षिण कोरिया, ताइवान, हङकङ, मकाउ र थाइल्याण्डमा छोइसकेको बताइन्छ। चीनको वुहान शहरबाट फर्किएका एक नेपालीमा कोरोनाभाइरस सङ्क्रमण भेट्टिएको छ। कोरोना भाइरस युरोपमा पनि फैलिन थालेको छ। फ्रान्समा तीन जनामा कोरोना भाइरस देखिएको पुष्टि भएको छ। तर यसको सङ्क्रमणबाट मृत्यु हुने भने चिनियाँ नागरिक मात्र छन्।

चिनियाँ अधिकारीले चीनमा उक्त भाइरसको प्रभावस्तर रोक्न र नियन्त्रण गर्न सबैभन्दा संवेदनशील अवस्था रहेको बताएका छन्। चीनले उक्त भाइरस मानिसबाट मानिसमा सरेको पुष्टि पनि गरिसकेको छ। जसका कारण यस सङ्क्रमणको त्रास चीनमा मात्र नभएर चीनबाहिरसम्म पनि पुगिसकेको छ।

वैज्ञानिक भाषामा यसलाई '२०१९- एन सीओभी' भाइरस भनिन्छ। उक्त भाइरस कोरोनाभाइरस वर्गको एक खालको नयाँ प्रजातिका रुपमा विकास भएको वैज्ञानिकले बताएका छन्। उनीहरुका अनुसार यो भाइरस यसअघि पनि मानिसमा फेला परेको थियो। वैज्ञानिकले सन् २००० को दशकको शुरुआतमा नै यो भाइरसको प्रकोप बढेको बताएका छन्। उनीहरुले त्यस समयमा विश्वका विभिन्न देशमा यो भाइरसको सङ्क्रमण बढेको र यसले ती देशमा झन्डै ८०० मानिसको ज्यान लिएको सार्स भाइरस पनि एक प्रकारको कोरोना भाइरस नै हो भनेका छन्।

यो भाइरस सङ्क्रमण भएपछि खासगरी श्वासप्रश्वाससम्बन्धी समस्या देखिने गर्दछ। ज्वरो आउने, खोकी लाग्ने र सास फेर्न गाह्रो हुने यस सङ्क्रमणपछिका लक्षण हुन्। यस भाइरसको सङ्क्रमणपछि शरीरमा अक्सिजनको मात्रा कम हुँदै जाने पनि अर्को एक समस्या हो। यस भाइरसको सङ्क्रमण बढ्दै जान थालेपछि विश्व स्वास्थ्य सङ्गठनले जनस्वास्थ्य आपतकाल घोषणा गर्ने विषयमा सोच्नुपर्ने बताएको छ। यस्तो अवस्थाको घोषणा गर्ने विषयमा सोच्न विश्व स्वास्थ्य सङ्गठनले भनिसकेकोले हाल चीनमा विशेष स्वास्थ्य विज्ञको समूहले आवश्यक प्रमाण जुटाउने काम गरिरहेको बताएका छन्।

यस प्राणघातक भाइरसले उत्पन्न गरेको अवस्थासँग जुध्न विश्वव्यापीरुपमा नै जनस्वास्थ्य आपतकालका रुपमा घोषणा गर्न सकिने विषयमा आवश्यक तयारी भएको विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ। यस भाइरसका सङ्क्रमित चीन र चीनका छिमेकी देशका अतिरिक्त अमेरिकामा पनि भेटिइसकेकाले यस विषयमा सोच्नुपर्ने बताएका हुन्।

चीनका विभिन्न २५ प्रान्तका क्षेत्रमा यो भाइरसको सङ्क्रमण फैलिएको छ। स्थानीय प्रशासनले जङ्गली जनावर र पशु बजारका क्षेत्रमा कडाई गर्न निर्देशन दिएको छ भने मानिसको बढी आवतजावत हुने विमानस्थल, बसपार्क र रेलमार्ग स्टेसनमा पनि स्वास्थ्य जाँचको प्रबन्ध मिलाइएको अधिकारीले जानकारी दिएका छन्।

हुबेई प्रान्तमा नै यसबाट धेरैको ज्यान गएको छ। चीनका स्वास्थ्य मन्त्री ली बिनले कोरोना भाइरसबाट हुबेई प्रान्तमा नै सबभन्दा बढी व्यक्तिको ज्यान गएको जानकारी दिनुभएको छ। मृत्यु हुनेमध्ये धेरै ४८ देखि ८९ वर्ष उमेरका व्यक्ति रहेका पनि जनाइएको छ। अधिकारीले बढी उमेरका मानिसमा यसको सङ्क्रमण अझ बढी देखिएको बताएका छन्। डब्लुएचओको तथ्याङ्कअनुसार कुल सङ्क्रमितमध्ये ७२ प्रतिशत ४० वर्षमाथिका छन्। यस्तै सङ्क्रमितका ६४ प्रतिशत पुरुष रहेका छन्।

यसबाट निको भएर करिब एक हजार जना व्यक्ति अस्पतालबाट घर पनि फर्किएका छन् तर उनीहरुलाई पनि विशेष निगरानीमा राखिएको बताइएको छ। चीनको वुहानको जनसङ्ख्या भन्डै एक करोड रहेको छ। त्यसैले उक्त सङ्क्रमणको उत्पत्ति भएको सो क्षेत्रमा सरकारले बढी निगरानी राखिरहेको पनि बताइएको छ।

गत बिहीवार चिनियाँ नयाँ वर्षको बिदाको अवसर थियो तर त्यस दिन कुनै कार्यक्रमको आयोजना गर्ने र मनाउने काम नगर्न भनियो। नयाँ वर्ष मनाउने कार्यक्रममा मानिसको भीडभाड हुने भएकोले आपसमा यो भाइरसको सङ्क्रमण बढ्नसक्ने भन्दै विदामा कुनै पनि प्रकारका कार्यक्रम सञ्चलान नगर्न भनिएको थियो। यो समयमा लाखौं चिनियाँ आफ्नो घर फर्कने गर्छन्। उनीहरु घर फर्किने र नयाँ वर्ष मनाउन बाहिर जाने कार्यक्रममा पनि अहिले कडाइ गरिएको बताइएको छ।

विश्व स्वास्थ्य सङ्गठनका महानिर्देशक टेड्रोस एड्हनोम गुब्रोहयसोसले चीन सरकारले पछिल्लो समयमा यस सङ्क्रमणको नियन्त्रण तथा रोकथामका लागि सञ्चालन गरिरहेका कार्यक्रमको स्वागत गर्नुभएको छ। उहाँले चिनियाँ नयाँ वर्षको एक हप्ता लामो छुट्टी मनाउन एक ठाउँबाट अर्कोमा यात्रा गरिरहँदा यो सङ्क्रमणको अहिलेको अवस्था चर्किन सक्नेतर्फ सतर्क रहन र त्यसको रोकथामका उपायमा केन्द्रित हुन आग्रह गर्नुभएको छ।

यसको सबैभन्दा बढी प्रभावित शहर वुहान नै भएकोले यहाँबाट बाहिर जाने सबै नागरिकको स्वास्थ्य अवस्थाको जाँच गर्ने र सार्वजनिक सवारी साधन सञ्चालन हुने र रोकिने केन्द्रमा उचित हावा प्रवाहको व्यवस्था गर्ने काम पनि अधिकारीले गरिरहेका छन्।

वुहानमा जीवित पक्षी र जङ्गली जनावरको व्यापारमा प्रतिबन्ध लगाइएको छ र त्यस्तो प्रतिबन्धको पालना भए नभएको जाँच्न प्रहरीले कडा मात्रामा निगरानी गरिरहेको पनि बताइएको छ। विभिन्न सञ्चारमाध्यमका अनुसार सर्पबाट मानिसमा सरेको उल्लेख गरिए पनि हालसम्म यसबारे सहि जानकारी आइसेकेको छैन्। डब्लूएचओले यो भाइरस सम्भवतःपशुबाट मानिसमा सरेको भए पनि कुन पशुबाट सरेको हो भन्ने बारे अझै स्पष्ट भइनसकेको जनाइएको छ।

वुहानका नगरप्रमुखले अत्यावश्यक कारणले बाहेक उक्त शहरको भ्रमण नगर्न पनि सबै नागरिकलाई आह्वान गर्नुभएको छ। वुहान यस सङ्क्रमणको केन्द्रमा रहेकोले त्यहाँ बढी कार्यक्रम लक्ष्य गरिएको छ। झन्डै नब्बे लाख जनसङ्ख्या भएको वुहानका बासिन्दालाई भीडभाडमा नजान र सार्वजनिक जमघट कम गर्न पनि भनिएको छ। सरकारले शनिबारसम्म चीनका १८ ओटा शहरकै यात्रामा प्रतिबन्ध लगाएको जानकारी दिएको छ।

वुहान सहरमा नयाँ अस्पताल निर्माण गरिँदै छ। चिनियाँ सञ्चारमाध्यमका अनुसार एक हजार शचया रहने भनिएको नयाँ अस्पताल छ दिनभित्र तयार भइसक्ने सम्भावना छ।

## नक्कली भिसा ...

गएपछि विमानस्थलमा नक्कली भिसा भएको खुलासा भएपछि घर फर्किन बाध्य भएको पीडित मो. मुस्तुफाले बताए। यता घर फर्किएपछि उनीसँगै अन्य पीडितहरुले जिल्ला प्रशासन कार्यालय सप्तरी पुगेर आइतबार प्रमुख जिल्ला अधिकारी सुनिल खनालसमक्ष बाबु छोरा बिरुद्ध निवेदन बुझाएका थिए।

गत शुक्रवार सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाका ९, छिन्नमस्ता गाउँपालिकाका २ र तिलाठी कोइलाडी गाउँपालिकाका १ गरी १२ जनाले पनि बाबु बसिर मियाँ र छोरा सहजाद आलम मिलेर आफुहरुलाई पनि रोजगारीका लागि विदेश पठाइदिन्छु भन्दै प्रति व्यक्तिबाट एक लाख ३५ हजार रुपैयाँ लिई नक्कली भिसा उपलब्ध गराएर ठगी गरेको भन्दै जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएका थिए।

बाबु छोराबाट ठगिएकाहरुबाट एकपछि अर्को उजुरी आउन थालेपछि यो संख्या अझै बढ्ने अनुमान गरिएको छ। प्राप्त उजुरी उपर अनुसन्धान अघि बढिसकेको र प्रहरी मार्फत बसिर मियाँ र उनका छोरा सहजाद आलमको खोजी कार्य भइरहेको जिल्ला प्रशासन कार्यालय सप्तरीले जनाएको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट
आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

स्वर्ण अवसर ! स्वर्ण अवसर !! स्वर्ण अवसर !!!

के तपाई राजविराजमा राम्रो गर्ल्स होस्टलको खोजीमा हुनुहुन्छ। यदि हुनुहुन्छ भने तपाईको घर देखि टाढा तर घर जस्तै सुविधा भएको "स्टुडेन्ट गर्ल्स होस्टललाई" सम्झनुहोस्।
सम्पर्क
स्टुडेन्ट गर्ल्स होस्टल राजविराज-७, सप्तरी
(सिडियो कार्यालय देखि ५० मिटर पश्चिम)
फोन नं.- ०३१-५२१७९३, मो.-९८५२८२११९३
९८०१५२१७९३

# बरही पुर्ण सरसफाई बस्ती घोषणा



**दैनिक समाचारदाता**
**राजबिराज, १२ माघ**

जिल्ला समन्वय समितिका सप्तरीका प्रमुख प्रभाकर यादवले छिन्नमस्ता गाउपालिका १ को बरहीको राय र बिचला टोललाई आइतबार पुर्ण सरसफाई उन्मुख बस्ती घोषणा गरेका छन् ।

एक कार्यक्रम बिच ब्यानर पढेर बरहीको राय र बिचला टोलका को १ सय २९ घरधुरीलाई पुर्ण सरसफाई उन्मुख बस्ती घोषणा गरेका हुन् ।

बस्तीमा पुर्णसरसफाईका ७ वटा सुचक अनुसार चर्पीको समुचित प्रयोग, व्यक्तिगत सरसफाई, सुरक्षित पानीमा पहुँच, सुरक्षित खानाको प्रयोग, घरायसी तथा संस्थागत सरसफाई, वातावरणिय सरसफाइमा सक्रिय देखाएकोले बस्तीलाई घोषणा गरिएको हो ।

वरहीबिरपुरलाई नमुना बस्तीका लागि बस्तीहरु छनौट गरी वडा स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिद्धारा छनोट भई उक्त बस्तीहरुमा बिभिन्न समुहहरु गठन गरी कार्यक्रम संचालन गरिएको सबल नेपालका प्रमेश्वर झाले बताए ।

बरहीको राय, बिचला टोलको वाटो घाटो सरसफाई भएको, चर्पी प्रयोग भएको, प्रत्येक घरमा भाँडो सुकाउने ऱ्याक निर्माण भई प्रयोगमा रहेको बिभिन्न फोहोरहरुलाई कुहिने र नकुहिने छुट्याई व्यवस्थापन गरेको र बिभिन्न प्लास्टिक जन्य फोहोरलाई एक ठाँउमा जम्मा गरी बिभिन्न सामाग्रीहरु बनाई प्रयोगमा ल्याएकोले घोषणा गरिएको वडा अध्यक्ष बिनोद यादबले बताए ।

सो अवसरमा छिन्नमस्ता गाउपालिका उपाध्यक्ष उषा मण्डल, जिल्ला समन्वय समितिका अधिकारी नवराज खडका, बिष्णुपुर गाउपालिका प्रमुख प्रशासकिय अधिकृत कुन्दन कुमार कर्ण, खानेपानी सरसफाई डिभिजन कार्यालयका प्रमुख शैलेन्द्र झा, सबल नेपालका प्रबन्धक अशोक साह, पत्रकार शुभनारायण यादब, कार्यक्रम अधिकृत देवेश चौधरीलगायतले पुर्ण सरसफाई तर्फ निरन्तरता दिनुपर्नेमा जोड दिएका थिए ।

एसएनभि नेपालको सहयोगमा सबल नेपालले सबैको लागि दिगो सरसफाई कार्यक्रम अन्तर्गत साविकका गाविसहरु बरही विरपुर र ईटहरी विष्णुपुर हालको छिन्नमस्ता गाँउपालीकाको वडा नं १ र ७ विष्णुपुर गाँउपालीकाको वडा नं ६ र ७ सरसफाई कार्यक्रम संचालनमा रहेको सबलका कार्यक्रम संयोजक झाले जानकारी दिए ।

# कुष्ठरोगका सबैभन्दा बढी बिरामी प्रदेश नं २ मा

काठमाडौं, १२ माघ (रासस) ।

नेपालमा २०६६ माघ ५ गते राष्ट्रियस्तरमा कुष्ठरोग निवारण घोषणा भए पनि १७ जिल्लामा अझै निवारण नभएको स्थिति छ । निवारण भन्नाले प्रति १० हजार जनसङ्ख्यामा एकभन्दा कम बिरामी भएको अवस्थालाई बुझिन्छ ।

सरकारले सन् २०२० को अन्तसम्म सम्पूर्ण जिल्लामा कुष्ठरोग निवारण गर्ने लक्ष्य लिएको छ । तराईका झापा, मोरङ, उदयपुर, बारा, धनुषा, महोत्तरी, पर्सा, रौतहट, सर्लाही, सिराहा, बाँके, बर्दिया, कपिलवस्तु, नवलपरासी पश्चिम, रुपन्देही, कैलाली र अछाम कुष्ठरोगको प्रकोप दर एकभन्दा बढी भएका जिल्ला हुन् ।

विगत नौ वर्षको तथ्याङ्क हेर्दा वार्षिक तीन हजारको हाराहारीमा कुष्ठरोगका नयाँ बिरामी पत्ता लाग्ने गरेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयअन्तर्गतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जनाएको छ । महाशाखाले ६७औँ विश्व कुष्ठरोग दिवसका अवसरमा आइतबार आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा गत आर्थिक वर्षमा तीन हजार २८२ कुष्ठरोगका नयाँ बिरामी पत्ता लागेको जानकारी दिइयो ।

उक्त तथ्याङ्कअनुसार प्रदेश नं २ मा सबैभन्दा बढी एक हजार ४८४, त्यसपछि प्रदेश ५ मा ७१९, प्रदेश १ मा ४७१, सुदूरपश्चिम प्रदेशमा २६६, वाग्मती प्रदेशमा १६५, कर्णाली प्रदेशमा ८९ र गण्डकी प्रदेशमा ८८ जना कुष्ठरोगका नयाँ बिरामी पत्ता लागेका हुन् ।

यसबाहेक गत आवको अन्त्यमा उपचारमा रहेका बिरामी सङ्ख्या दुई हजार ९२१ रहेको महाशाखाअन्तर्गतको कुष्ठरोग नियन्त्रण तथा अपाङ्गता व्यवस्थापन शाखाका निमित्त प्रमुख डा उत्तम घिमिरेले जानकारी दिनुभयो । कुष्ठरोगको कारणबाट हालसम्म करीब ३१ हजारभन्दा बढी अपाङ्गता भएको अनुमान छ भने बहुऔषधिबाट उपचार पूरा गर्नेको सङ्ख्या एक लाख ९२ हजारभन्दा बढी रहेको शाखाले जनाएको छ ।

कुष्ठरोग आँखाले देख्न नसकिने माइको ब्याक्टेरियम लेप्रे नामको सूक्ष्म कीटाणुबाट लाग्ने एक प्रकारको ज्यादै कम सर्ने रोग हो । ९५ प्रतिशत मानिसमा कुष्ठरोगको कीटाणुसँग लड्न सक्ने क्षमता हुन्छ । यो रोग मानिसबाट मानिसमा सर्छ । उपचार नगरेको कुष्ठरोग बिरामीसँग लामो समयसम्म सम्पर्कमा आउने व्यक्तिलाई मुख्यत: श्वासप्रश्वासको माध्यमबाट यो रोग सर्न सक्छ । शुरुकै अवस्थामा रोगको निदान र उपचार गरेमा यो रोग अरूलाई नसर्ने निमित्त प्रमुख डा घिमिरेले बताउनुभयो ।

यो रोग बहुऔषधिको एक मात्रा सेवनबाट नै ९९ प्रतिशत रोगका कीटाणुलाई शिथिल बनाई रोग अरूलाई नसर्ने हुन्छ । समयमा नै उपचार गरेमा कुष्ठरोग पूर्णरूपमा निको हुन्छ र अपाङ्गता हुँदैन । कुष्ठरोग निवारणका लागि हाल मुलुकभर जनचेतनामूलक कार्यक्रम, सङ्क्रमण नियन्त्रण, अपाङ्गता बचावट, पुनर्स्थापना, सेवा प्रदायकहरूको क्षमता अभिवृद्धि, साझेदारसँगको समन्वय तथा सहकार्य, बहुऔषधिको व्यवस्थापनलगायत क्रियाकलाप सञ्चालन भइरहेको महाशाखाले जनाएको छ ।






## विश्व समाचार

### कोरोना भाइरसका कारण चीनमा ५६ को मृत्यु, दुई हजार प्रभावित

बेइजिङ, १२ माघ (रासस/सिन्ह्वा) ।

चीनमा कोरोना भाइरसका कारण मृत्यु हुनेको सङ्ख्या ५६ पुगेको छ ।चिनियाँ स्वास्थ्य अधिकारीहरुले कम्तीमा ५६ जनाको मृत्यु भएको र झण्डै दुई हजार जना प्रभावित भएको जानकारी दिएका छन् । राष्ट्रिय स्वास्थ्य आयोगले सार्वजनिक गरेको पछिल्लो विवरण अनुसार बिरामी हुनेको संख्या १९ सय ७५ रहेको छ । बिरामी भएका मध्ये ३२४ जनाको अवस्था गम्भीर रहेको पनि आयोगले जनाएको छ । आयोगका अधिकारीहरुले भनेका छन्, “अहिलेसम्म कुल २६ सय ८२ जनामा कोरोना भइरसको संक्रमण भएको आशंका गरिएको छ ।”

यसबाट निको भएर करिब एक हजार जना व्यक्ति अस्पतालबाट घर फर्किएका छन् तर उनीहरुलाई पनि विशेष निगरानीमा राखिएको छ । उक्त सङ्क्रमणको उत्पत्ति भएको उहान क्षेत्रमा सरकारले बढी निगरानी राखिरहेको पनि अधिकारीहरुले बताएका छन् । सङ्क्रमणको प्रकोप चीनका कम्तीमा २५ प्रान्तमा फैलिएको छ भने कम्तीमा १८ शहरमा निकै डरलाग्दो तरिकाले फैलिएकाले ती सहरहरुमा यातायात साधन चलाउन प्रतिबन्ध लगाइएको छ । ती क्षेत्रमा विभिन्न सतर्कता अपनाइएको चीन सरकारले जनाएको छ । सरकारले देशभरीको उडान, रेल र बससेवामा पनि उच्च सतर्कताका लागि आह्वान गरेको छ । मानिसको बढी आवतजावत हुने विमानस्थल, बसपार्क, रेल स्टेसन लगायतमा स्वास्थ्य जाँचको प्रबन्ध मिलाइएको छ भने जङ्गली जनावर र पशु ओसार पसार तथा उपभोगमा कडाई गर्न निर्देशन दिइएको छ ।

सङ्क्रमणले अमेरिका, जापान, दक्षिण कोरिया, ताइवान, हङकङ, मकाउ र थाइल्याण्डमा छोइसकेको बताइन्छ । कोरोना भाइरस युरोपमा पनि फैलिन थालेको छ । फ्रान्समा तीन जनामा कोरोना भाइरस देखिएको पुष्टि भएको छ । यस सङ्क्रमणबाट मृत्युको घटना चीनमा मात्रै भएको छ भने त्रास संक्रमित हुनेहरु अन्य देशमा पनि भएकाले विश्वभरी नै त्रास फैलिएको छ । चिनियाँ अधिकारीले कोरोना भाइरस मानिसबाट मानिसमा सरेको पुष्टि गरिसकेका छन् । यो भाइरस सङ्क्रमण भएपछि खासगरी श्वासप्रश्वाससम्बन्धी समस्या देखिने चिकित्सकहरुको भनाई छ । उनीहरुका अनुसार ज्वरो आउने, खोकी लाग्ने र सास फेर्न गाह्रो हुने यस सङ्क्रमणपछिका लक्षण हुन् । यस भाइरसको सङ्क्रमणपछि शरीरमा अक्सिजनको मात्रा कम हुँदै जाने पनि अर्को एक समस्या हो ।

यसैबीच, संयुक्तराज्य अमेरिकाले मध्यचीनमा घातक भाइरसको केन्द्रमा फसेका अमेरिकी कर्मचारी र नागरिकलाई उद्धार गर्न विशेष विमान सेवा शुरु गर्न लागेको जनाएको छ । अमेरिकी विदेश मन्त्रालयले उहानस्थित आफ्ना कन्सुलर कार्यालयमा कार्यरत कर्मचारी र अरु अमेरिकीलाई उद्धार गर्न चीनको उहानतर्फ अमेरिकी विमान मङ्गलबार प्रस्थान गर्ने बताएको छ ।

### अत्यधिक बर्षाका कारण ब्राजिलमा १४ को मृत्यु

रियो दि जेनेरियो, १२ माघ (रासस/सिन्ह्वा) ।

ब्राजिलको दक्षिणपूर्वी क्षेत्रमा अत्यधिक बर्षाका कारण मृत्यु हुनेको संख्या १४ पुगेको छ । मिनास गेरैस राज्य अन्तर्गत बेलो होराईजोन्टमा उनीहरुको मृत्यु भएको नागरिक रक्षा मन्त्रालयका अधिकारीहरुले जनाएका छन् ।

उनीहरुका अनुसार अरु सात जना घाइते भएका छन् भने २५ सय ९० जना विस्थापित भएका छन् । त्यसैगरी ९ सय ११ जनालाई अस्थायी शिविरमा राखिएको छ ।

ब्राजिलको राष्ट्रिय मौसम तथा जलवायुसम्बन्धी कार्यालयले मिनास गेरैस राज्यको राजधानी बेलो होराईजोन्टमा शुक्रबारको पछिल्लो २४ घण्टामा १७१.८ मिलिमिटर बर्षा भएको जनाएको छ । कार्यालयका अधिकारीहरुका अनुसार विगत ११० बर्षभरीमा बर्षासम्बन्धी यो विवरण अहिलेसम्मकै सबैभन्दा धेरै देखिएको छ ।

### टर्की भूकम्पमा मर्नेको संख्या ३१ पुग्यो

टर्की, १२ माघ (रासस/एएफपी) ।

टर्कीको पूर्वी क्षेत्रमा शुक्रबार साँझ गएको ६.८ म्याग्नीच्यूडको शक्तिशाली भूकम्पबाट मृत्यु हुनेको संख्या ३१ पुगेको उद्धारकर्मीहरुले जनाएका छन् । भूकम्पको केन्द्रविन्दु एलाजिग प्रान्तको सानो शहर सिभरिसमा रहेको थियो । तर भूकम्पको धक्का छिमेकी शहरहरुमा पनि महशुस गरिएको थियो ।

टर्कीको विपद तथा आपतकालीन व्यवस्थापन निकाय (आफाड) ले ३१ जनाको मृत्यु भइसकेको पुष्टी गरेको छ । भूकम्पबाट करिब एक हजार ६०७ जना घाइते भएका छन् । उद्धारकर्मीहरु शनिबार र आइतबार दिनरात मानिसहरुको जीवितै उद्धारमा खटिएका थिए । आफाडका अनुसार पछिल्लो पटक ४५ जनालाई उद्धार गरिएको छ ।

भूकम्पबाट करिब ८० वटा घर पूर्णरुपमा क्षतिग्रस्त भएका छन् भने ६४५ वटा घरमा ठूलै नोक्सानी भएको छ । टर्कीका राष्ट्रपति रिसेप तायिप एर्डोगानले भूकम्प पीडितको उद्धार र पुनर्स्थापनाका लागि सरकारले तत्काल कदम चाल्ने बताउनुभएको छ । उहाँ शनिबार एलाजिगमा आयोजित भूकम्पबाट मृत्यु भएका एक परिवारको दाहसंस्कार कार्यक्रममा सहभागी हुनुभएको थियो ।

# झुम्कालाई मेयर कपको उपाधी



**दैनिक समाचारदाता**
**राजविराज, १२ माघ ।**

सप्तरीको शम्भुनाथ नगरपालिका ८ पोखरीयास्थित खेलमैदानमा आइतबार सम्पन्न मेयरकप २०७६ फुटबल प्रतियोगिताको फाइनल खेलमा त्रियुगा स्पोर्टस क्लब फत्तेपुर सप्तरीलाई पराजित गर्दै रामधुनी स्पोर्टस क्लब झुम्का सुनसरीले उपाधी हात पारेको छ ।

फाईनलमा त्रियुगा स्पोर्टस क्लब फतेपुर सप्तरीलाई टाईब्रेकरमा चारका बिरुद्ध पाँच गोल अन्तरले पराजित गर्दै झुम्का सुनसरीले सो उपाधी हात पारेको हो । खेलको निर्धारित समयमा कुनै टीमबाट गोल हुन नकेपछि खेलको निर्णय टाईब्रेकरबाट लिएको थियो ।

उपाधीसँगै झुम्काले नगद ५५ हजार नगद तथा शिल्ड हात परेको छ भने फत्तेपुरले ४५ हजार पाएको छ । यता प्रतियोगिताको उत्कृष्ट खेलाडी फत्तेपुरका सम्युन राई घोषित भए ।

प्रतियोगिता पश्चात् आयोजित पुरस्कार बितरण कार्यक्रममा प्रदेशसभा सदस्य मोहम्मद समिम, शम्भुनाथ नगरपालिकाका प्रमुख योगेन्द्र प्रसाद चौधरी, उपप्रमुख कविता कुमार चौधरी, प्रमुख प्रशासकीय अधिकृत मातृका दंगाल, आयोजक खेलकुद समितिका अध्यक्ष धनिकलाल चौधरी लगायतले पुरस्कार तथा प्रमाणपत्र बितरण गरेका थिए ।

शम्भुनाथ नगरपालिकाको सहयोगमा संयासी युवा क्लब पोखरीयाद्वारा पुस २७ गतेदेखि सञ्चालित प्रतियोगितामा सप्तरी, सिरहा, महोत्तरी, उदयपुर, सुनसरी र मोरंगका बिभिन्न १४ क्लबको सहभागिता रहेको थियो ।

# भारतको गणतन्त्र दिवसको अवसरमा बृक्षारोपन




**दैनिक समाचारदाता**
**राजविराज, १२ माघ ।**

भारतको ७१ औं गणतन्त्र दिवसको अवसरमा नेपाल भारत मैत्री यूवा संघ सप्तरीले आइतबार बृक्षारोपन गरेको छ ।

नेपाल भारत यूवा संघ, युवा सशक्तिकरण नेपाल, राष्ट्रिय विद्यार्थी संघ इकाई समिति मविव क्याम्पस राजविराजको संयुक्त आयोजनामा मविव क्याम्पस राजविराज सो बृक्षारोपन गरिएको हो ।

यूवा संघका अध्यक्ष किशोर कुमार यादवको अध्यक्षता तथा वरिष्ठ अधिवक्ता हिम्मत सिंहको प्रमुख आतिथ्यमा आयोजित बृक्षारोपन कार्यक्रममा क्याम्पस परिसरमा रुद्राक्ष, कपुर, गहगनी, गुलमोहर, रामबृक्ष, बाँसपति, इमलीसहित विभिन्न प्रजातीका फुल र बोटहरु रोपन गरिएको छ ।

सो अवसरमा सहक्याम्पस प्रमुख मिथिलेश कुमार यादव, अशोक झा, डा. शिव नारायण यादव, डा. सुशिलचन्द्र कर्ण, रामअशिष यादव, मैत्री संघका सल्लाहकार प्राध्यापक सुरेन्द्र प्रसाद गुप्ता, राजपा नेपालका केन्द्रिय सदस्यउ दिनेश कुमार यादव, पार्टीका जिल्ला संयोजक हरेराम यादव, राष्ट्रिय यूवा संघका जिल्ला अध्यक्ष रामकुमार यादव, नरेश कुमार यादव, क्याम्पस इकाई समितिका सहअध्यक्ष सर्वेश झा, दिनेश कुमार शर्मा, सजिव दास, अधिकारकर्मी सुनिता साह लगायत संचारकर्मीहरुको उपस्थिति रहेको थियो ।

### अबैध चाँदीका ...

प्रहरीले जनाएको छ ।

यता पक्राउ परेकालाई आवश्यक कार्बाहिका लागी भन्सार कार्यालय ठाडी, सिरहामा बुझाएको प्रदेश २ प्रहरी कार्यालय जनकपुरले जनाएको छ ।






# दुई सय ५० गाँजका बोटहरु नष्ट



**दैनिक समाचारदाता**
**राजबिराज, १२ माघ**

ईलाका प्रहरी कार्यालय भारदहको टोलीले हनुमाननगर कंकालिनी नगरपालिकाबाट २ सय ५० गाँजाको बोटहरु फडान गर्दै नष्ट गरेको छ ।

सो नगरपालिका वडा नं. २ सकरदेहीका स्थानीयहरुले घर, आँगन, बारीमा अवैध रुपमा लगाएको ती गाँजाको बोटहरु फडानी गरेको हो ।

यता फडान गरेका गाँजाका बोटहरु स्थानिय जन प्रतिनिधिहरुको रोहवरमा नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# सभामुखमा सापकोटा निर्वाचित


**दैनिक समाचारदाता**
**काठमाडौं, १२ माघ ।**

प्रतिनिधिसभाको सभामुखमा नेकपा स्थायी समिति सदस्य अग्निप्रसाद सापकोटा निर्वाचित भएका छन् ।

आइतबार बसेको संसद बैठकले सापकोटालाई निर्विरोध निर्वाचित गरेको हो । सत्तारुढ नेकपाबाट सापकोटाले उम्मेदवारी दिएका थिए ।

उनलाई नेकपा संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङको प्रस्तावलाई र संसदीय दलका प्रमुख सचेतक देव गुरुङ, पूर्व सभामुख ओनसरी घर्ती र राष्ट्रिय जनता पार्टी राजपाका सांसद लक्ष्मण लाल कर्णले समर्थन गरेका थिए ।

गत असोजमा तत्कालीन सभामुख कृष्ण बहादुर महरा बलात्कार प्रयासको आरोपमा जेल गएपछि सभामुख पद खाली भएको थियो ।






प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेवसाइट : rajbirajdainik.com.np